# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

(सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा)

डाँछी, काठमाडौं

बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०१६६
०१-४४५०३५६


प.सं. : ०८२/८३

च.नं. :

## सूचना !  सूचना !!  सूचना !!!

### सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा सूचीकरण सम्बन्धी जरुरी सूचना !!

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ (तेश्रो संशोधन २०८२) को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को परिच्छेद-२ बमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र (श्रावण १ गते देखि असोज मसान्तसम्म) सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनुपर्ने व्यवस्था रहेको हुँदा यस कागेश्वरी मनोहरा नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा स्वयं उपस्थित भई राष्ट्रिय परिचय पत्रका आधारमा बायोमेट्रिक भेरिफिकेसन (जैविक विवरण) का आधारमा आ.व.२०८३/०८४ का लागि लाभग्राही परिचयपत्र नवीकरण तथा सूचीकरण गराउनुहुन हार्दिक अनुरोध छ ।

**नवीकरण तथा सूचीकरणका लागि आवश्यक कागजात**

| लाभग्राहीको किसिम | आवश्यक कागजात | कैफियत |
|---|---|---|
| ७० वर्षमाथिका ज्येष्ठ नागरिक/ ज्येष्ठ दलित ६० वर्ष माथि | - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,<br>- राष्ट्रिय परिचयपत्र कार्ड वा राष्ट्रिय परिचयपत्र फारमको प्रतिलिपि | बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने अशक्त, र नब्बे वर्षमाथिका ज्येष्ठ नागरिकका हकमा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य नभएको, तर उल्लेखित व्यक्तिको |
| एकल महिला ६० वर्षमाथि | - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>- पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>- सम्बन्ध विच्छेद भएकाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्र<br>- ६० वर्षमाथिका अविवाहितको हकमा अविवाहित प्रमाणित विवरण<br>- राष्ट्रिय परिचयपत्र कार्ड वा राष्ट्रिय परिचयपत्र फारमको प्रतिलिपि | |
| विधवा | - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,<br>- पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>- अर्को विवाह नगरेको प्रमाणित विवरण | |

# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

(सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा)
जोरपाटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०९८६
०१-४४५०३५६

प.सं. : ०८२/८३
च.नं. :

| | | |
|---|---|---|
| | - राष्ट्रिय परिचयपत्र कार्ड वा राष्ट्रिय परिचयपत्र फारमको प्रतिलिपि | संरक्षकको राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य हुने। (सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को नियम (५) बमोजिम) |
| पूर्ण अपाङ्गता | - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,<br>- नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचय पत्रको प्रतिलिपि,<br>- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, | |
| आंशिक (अति अशक्त अपाङ्गता) | - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,<br>- नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचय पत्रको प्रतिलिपि,<br>- राष्ट्रिय परिचयपत्र कार्ड वा राष्ट्रिय परिचयपत्र फारमको प्रतिलिपि | |
| बालपोषण (दलित बालबालिका ५ वर्ष मुनिका) | - जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>- संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि | |

- तोकिएको समयमा नवीकरण गर्न छुटेमा छुट भएको समयावधिको भत्ता रकम उपलब्ध हुनेछैन साथै नवीकरण गर्न छुट भएमा पुनः नयाँ लाभग्राहीसरह नयाँ दर्ताको निवेदन दिनुपर्नेछ ।
- आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अशक्त, असहाय र अविवाहित एवं अर्को विवाह नभएको लाभग्राहीको हकमा सम्बन्धित वडा अध्यक्षले उक्त व्यहोरा प्रमाणित गरेको हुनुपर्नेछ।
- **सामाजिक सुरक्षा भत्ता परिचयपत्र Bio-metric नविकरण यस नगरपालिकाको सामाजिक सुरक्षा लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता परिचयपत्र Bio-metric नविकरण गरे पश्चात बाँकी रहेको समयमा मात्र यस नगरपालिका भन्दा बाहिर पालिकाको सामाजिक सुरक्षा लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता परिचयपत्र Bio-metric नविकरण गरिने छ ।साथै यस नगरपालिकाको सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुलाई पहिलो प्राथमिकता दिइने छ ।**

**पुरुषोत्तम सुबेदी**
**प्रशासकीय अधिकृत**